भद्रपुर नगरपालिका
स्थानीय राजपत्र
कोशी प्रदेश झापा नेपाल
भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित
खण्ड ८ भद्रपुर भाद्र ३१ गते, २०८१ साल, संख्या ५
भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको मार्गदर्शन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको
# आ. व. ०८१/०८२ को कृषि विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१

*स्वीकृत मिति -२०८१/०५/२९*

*प्रमाणीकरण मिति -२०८१/०५/३०*

# भद्रपुर नगरपालिकाको
# आ. व. ०८१/०८२ को कृषि विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१

**प्रस्तावना:** भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन गरी भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्फत सञ्चालन हुने र चालु आ. व. मा विनियोजित वजेट तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले कृषि विकास कार्यक्रम सञ्चालन मार्गदर्शन बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस सञ्चालन विधिको नाम "भद्रपुर नगरपालिकाको आ. व. ०८१/०८२ को कृषि विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१" रहेको छ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमा:

(क) "अनुदान" भन्नाले यस सञ्चालन विधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने रकम, राहत र प्राविधिक सेवा समेतलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कृषि विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति /स्थानीय तह/ सामाजिक तथा शैक्षिक संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले यस कृषि विकास कार्यक्रम सञ्चालन मार्गदर्शन,दफा ६ मा उल्लेख भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ।

(ङ) "कार्ययोजना" भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(च) “कार्यालय” भन्नाले भद्रपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(छ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ज) “निर्देशनालय” भन्नाले कोशी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(झ) “फर्म” भन्नाले प्रचिलत कानून अनुसार दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ट) “सहकारी” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

(ठ) “समिति” भन्नालेभद्रपुर नगरपालिकाको आर्थिक विकास समितिलाई सम्झनु पर्छ ।

(ड) "कृषक पाठशाला" भन्नाले २५ देखि ३० जना महिला पुरुषहरुको समुह हो जसलाई कक्षा भित्र पठन पाठन गराउनुको साटो खेतमा व्यवहारीक प्रयोगात्मक र खोजपूर्ण तरिकाहरु अपनाइ बाली अवधिभर नियमित रूपले वाली बातावरण प्रणालीको अवलोकन, विश्लेषण र समुह छलफलको आधारमा आफु आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरुको समाधान गर्न सक्ने गरी दक्ष बनाउने स्थान बुझ्नुपर्छ।

३. <u>उद्देश्य:</u> यस मार्गदर्शनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने,

(ख) कृषि प्रणालीलाई आधुनिकीकरण, व्यबसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।

(ग) प्रविधि हस्तान्तरण मार्फत अनुदान दिई कृषि व्यवसायलाई व्यवसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

गणेश पोखरेल
प्रमुख

(घ) कृषि उपजको सरल र सुलभ बजार पहुँच वृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने,

(ङ) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने।

(च) रोजगारीका अवसरहरु सृजना गरी कृषि पेशालाई ब्यबसायिक एंव मर्यादित पेशाको रुपमा स्थापित गराउने।

४. <u>सरोकारवाला निकायहरु:</u> यस कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ :-

(क) कृषक/फर्म/कम्पनी/समूह/सहकारी संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास कार्यक्रम सञ्चालन हुनेछ।

(ख) कार्यालयले प्रविधि विस्तार तथा सेवा टेवा र कार्यक्रम सञ्चालन गर्नेछ।

(ग) नगरपालिकाले कार्यक्रम तर्जुमा, नीतिगत सहजीकरण, अनुगमन मूल्याङ्कन तथा समन्वय गरी कार्यक्रम कार्यन्वयनमा सहयोग गर्नेछ ।

(घ) स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारले कार्यक्रम गर्दा दोहोरोपन नहुने गरी आपसी सहयोगको लागि समन्वय र सहकार्य गर्नु पर्नेछ।

(ङ) अनुदानग्राही र कार्यालयको आवश्यकताको आधारमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न कृषि सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्थाले समन्वय र सहकार्य गर्नु पर्नेछ।

५. <u>नगरस्तर कृषि विकास कार्यक्रमको किसिम र संचालन:</u> भद्रपुर नगरपालिकाबाट सञ्चालन हुने नगरस्तर कृषि विकास कार्यक्रमको प्रकृति देहायवमोजिम हुनेछ:

(१) **प्रविधि विकास, परिक्षण तथा विस्तार सहयोग कार्यक्रम:** यस कार्यक्रम अन्तर्गत कार्यमुलक अनुसन्धान, अध्ययन तथा प्रविधि परिक्षण, कृषक पाठशाला, सीप तथा क्षमता विकास, जनचेतनामूलक कार्य, दिवस, असल कृषि अभ्यास प्रणाली, प्रविधि प्रदर्शन र प्रविधि विस्तार जस्ता प्रविधि विकास तथा सेवा टेवा सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस्ता कार्यक्रम आफै कार्यालयले शत प्रतिशत लागतमा सञ्चालन गरिनेछ।

(२) **श्रोत केन्द्र स्थापना तथा उत्पादन सामग्री सहयोग कार्यक्रम:** यस कार्यक्रम अन्तर्गत कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (मल, वीउ, वेर्ना आदि) को उपलव्धता सहज बनाउन तथा श्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(३) **व्यवसाय उन्मुख तथा व्यवसायिक कृषि विकास कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत कृषि व्यवसाय उन्मुख वा व्यवसायिक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नको लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नको लागि व्यवसाय उन्मुख उत्पादनका साथै आयमुलक तथा रोजगारी सिर्जना गर्ने व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**अन्य कार्यक्रमः** माथि नसमेटीएका विभिन्न नगरस्तर कृषि विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## परिच्छेद -२

### सञ्चालित कार्यक्रमहरु

**६. नगरस्तरीय कृषि विकास कार्यक्रमहरुको विवरण:** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रही देहाय बमोजिमका नगरस्तरीय कृषि विकास कार्यक्रम अन्तरगत कार्यक्रमहरु हुनेछन्:

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रविधि विकास, परिक्षण तथा विस्तार सहयोग कार्यक्रम | | | |
| (क) | प्रविधि प्रदर्शन हुने कार्यक्रम | • कृषि व्यवसाय उन्मुख वा व्यवसायिक क्षेत्रमा कृषक छनौट गरी कार्यक्रम संञ्चालन गर्ने<br>• लागत अनुमान र समय सिमा सहितको कार्ययोजना कार्यालयले स्विकृत गरी कार्यक्रम गर्ने<br>• प्रति प्रदर्शनि रु १ लाख भन्दा बढि लागतको प्रदर्शन कार्यक्रम भएमा भद्रपुर नगरपालिकाको कार्यपालिका बाट अनुमोदन गराउनु पर्ने। | • तोकिएका प्रदर्शन भए तोकिए वमोजिमको क्रियाकलापहरु<br>• नतोकिएका भए आवश्यकता वमोजिम उत्पादन, नतिजा, वाली चक्र, प्रविधि आदि प्रदर्शन कार्यक्रममा आवश्यक क्रियाकलापहरु<br>• सरकारी स्थलका साथै अन्य स्थानमा पनि सञ्चालन गर्न सकिने | • प्रविधिको रुपमा खरिद गरिने सामग्री सवै कार्यालयले व्यवस्थापन गर्ने र कृषकको घरमा उपलव्ध हुने सामग्री कृषकले उपलव्ध गराउनुपर्ने |
| (ख) | मूल्य संकलन | • मूल्य संकलन गर्ने स्थल, समय र संख्या नियमानुसार तोक्ने,<br>• कृषकले पाउने मूल्य संकलनको हकमा कृषि वस्तुको मूल्य संकलन निर्दीष्ट फर्मेट अनुसार प्रमुख क्षेत्रमा गर्नु पर्ने, | • कृषिजन्य वस्तुहरुको मूल्य सङ्कलन देहाय वमोजिम चार तहमा संकलन गर्नुपर्ने,<br>• खुद्रा मूल्य संकलन,<br>• थोक मूल्य संकलन, | |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | • सिमावर्तिय मूल्य संकलनको हकमा सिमावर्तिय मूल्य संकलन गर्दा तोकिएका बजारहरुबाट निर्दिष्ट फारम अनुसार मासिक रुपमा थोक मूल्य संकलन गर्ने । | • सीमावर्ती मूल्य संकलन र<br>• कृषकले पाउने मूल्य संकलन | |
| (ग) | वाली कटानी | • प्रति नमूना ५ वर्ग मीटरको क्षेत्रफल कायम गरी नमूना क्षेत्रफलबाट तोकिएको बाली कटानी गर्ने,<br>• ३ वटा randomized नमूनाबाट उत्पादन रेकर्ड लिने,<br>• कार्यक्रम विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्ने । | • नगरमा विभिन्न बालीहरूको कुल उत्पादन अनुमान गर्न र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष समूह (सिंचाईको अवस्था र वालीको जात) मा विभाजन गरी प्रत्येक समूहले ढाकेको क्षेत्रफल अनुमान गर्ने। | • प्रति वाली कटानी स्थानीय जिल्ला दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिने छ। |
| (घ) | माटो परिक्षण शिविर/माटो सप्ताह सञ्चालन कार्यक्रम | • कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिने,<br>• स्थलगत रुपमा माटो विश्लेषण गर्ने,<br>• बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गर्ने,<br>• माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिश गर्न कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। | • माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउने,<br>• कार्यालयले कृषकहरुलाई कार्यक्रमवारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्ने,<br>• माटो व्यवस्थापन तालिमसंग | • कार्यालयले चियापान, ब्यानर, स्टेसनरी ब्यवस्थापन आदिको लागि रु. २५,५००/ खर्च गर्ने,<br>• प्रयोगशालाले कम्तिमा १०० वटा माटोका नमूना परीक्षणका लागि आवश्यक रिएजेन्ट खरिद |

गणेश पोखरेल
प्रमुख
भद्रपुर नगरपालिका

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | प्राविधिक मापदण्ड:<br>• माटो परीक्षण शिविर सञ्चालन ३ दिन<br>• पहिलो दिन माटोको नमूना संकलन तालिम<br>• दोस्रो दिन माटो परीक्षण (कम्तीमा १०० नमूना)<br>• तेस्रो दिन माटो ब्यवस्थापन तालिम/अन्तरकृया | आवद्ध गरी माटो परिक्षण शिविर सञ्चालन गर्न प्रभावकारी बनाउने।<br>• जिपिएस को प्रयोग गरी माटो परीक्षण स्थलको पहिचान गर्न व्यवस्थित गर्ने । | रु.१०,०००/सम्म र दै.भ्र.भत्ता, इन्धन आदि नियमानुसार खर्च गर्न सकिनेछ। |
| २ | श्रोत केन्द्र स्थापना तथा उत्पादन सामग्री सहयोग कार्यक्रम | | | |
| (क) | कृषि बजार र कृषि उपज सकंलन केन्द्रको स्थापना सहयोग कार्यक्रम | • मासिक २ हजार के जी कृषि उपजको उत्पादन हुनुपर्ने<br>• स्थानिय कृषि उपज संकलन केन्द्र सन्चालन समिति हुनुपर्ने।<br>• कृषक बाट उत्पादित कृषि उपजको खरिद गरी खरिद गरिएको लगबुक भरी न्युनतम समर्थन मूल्यलाई आधारमानी बिक्री गर्नुपर्ने।<br>• कृषि उपजमा संकलन गरिको उपजको विषादी परिक्षण गरी मूल्य सूची सबैले देख्ने गरी राख्नुपर्ने | • कृषि उपजको सकलन तथा वितरण<br>• कृषि उपज सकंलन का लागी आवश्यक पर्ने औजार उपकरण सामग्री खरिद<br>• ढुवानी। | • स्वीकृत लागन अनुमान अनुसार । |

नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | • केन्द्रमा कृषि उपज कम वा अधिक भएमा अन्य पालिका संग समन्वय गरी व्यवस्थापन गर्नुपर्ने। | | |
| (ख) | कृषि उत्पादनको न्यूनतम् समर्थन मूल्य | • नगरपालिकाले कार्यपालिकाको बैठकबाट कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्न सक्ने ।<br>• कृषि उत्पादनको न्यूनतम् समर्थन मूल्य तोक्दा किसान कृषि उपज व्यवसायी कृषि सहकारी संस्था कृषक समूह र भद्रपुर नगरपालिका भित्र कार्यरत कृषि सम्वन्धि संघ संस्था र नागरिक समाज संग परामर्श गरी तोक्नु पर्ने | • | • |
| ३ | व्यवसाय उन्मुख तथा व्यवसायिक कृषि विकास कार्यक्रम | | | |
| (क) | साना सिचाई सहयोग कार्यक्रम | बाली: तराई<br>व्यक्तिगत: ३ हेक्टर<br>सामुहिक: ३ हेक्टर<br>बिजबृद्धी: तराई<br>व्यक्तिगत: २ हेक्टर<br>सामुहिक: २ हेक्टर | • सिंचाइका लागि पम्पसेट, मोटर, पाइप, थोपा सिंचाइ प्रणालीसँग सम्बन्धित सामग्री र जडान | • स्विकृत कार्ययोजनाको कुल लागतमा अधिकतम ७५ प्रतिशत रकम अनुदान उपलब्ध गराईने। |

भद्रपुर नगरपालिका, नगर प्रमुख

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | • कृषि योग्य जमिनमा विशेष प्राथमिता दिने।<br>• कृषि विज्ञानमा कम्तिमा स्नातक पास गरेकोले लागत अनुमान तयार गर्ने।<br>• मापदण्ड पुर्याई व्यक्तिगत पनि आवेदन दिन सक्ने। | | |
| (ख) | बगर खेती प्रवर्द्धन कार्यक्रम | • यो कार्यक्रम खाली रहेको नदी र खोला/नालाको तटीय क्षेत्रमा सञ्चालन गरिने,<br>• व्यक्तिगत भए कम्तिमा १ हेक्टर तर समुहमा भए कम्तिमा ३ हेक्टर क्षेत्रफलमा व्यवसायिक रुपमा खेती गर्नुपर्ने,<br>• लहरे तरकारी बालीको लागि फूल र फलको बृद्धिको जमिन नछुने गरी व्यवस्था गर्नुपर्ने। | • सिंचाइका लागि पम्पसेट, मोटर, पाइप लगायतको सामग्री खरिद,<br>• बीउ बीजन, शुक्ष्म खाद्यतत्व, हार्मोन लगायतका विषादी खरिद, ढुवानी,<br>• डिजिटल तराजु, प्लाष्टिक क्रेट, कैंची, स्प्रेयर लगायतका सम्बन्धित सामग्री खरिद।<br>• बजारीकरण सहयोग , स्थानीय फुड फेस्टीवलमा सहयोग आदि सन्चालन गर्न सक्ने। | • स्विकृत कार्ययोजनाको कुल लागतको ७५ प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने। |
| (ग) | रैथाने बालीहरुको प्रवर्धन तथा बजारीकरण | • भूगोल वा क्षेत्र अनुसार उपलब्ध भएका स्थानीय वालीहरुमा प्राथमिकता दिई वाली छनौट गर्ने,<br>• बजार योग्य परिमाणमा उत्पादन हुने क्षेत्रमा | • रैथाने वालीको बीउ खरिदमा अनुदान<br>• वाली उत्पादन, विविधिकरण तथा बजारीकरण सामग्री | • कार्यक्रमको लागि स्विकृत कार्ययोजनाको कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु १ लाख मध्ये |

भद्रपुर नगरपालिकाको कार्यालय भद्रपुर झापा कोशी प्रदेश नेपाल

अभिषेक पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | ब्लक बनाई उत्पादन कार्यक्रम सञ्चालन गर्ने,<br>• उत्पादित कृषि उपजको प्रवर्द्धनात्मक तथा वजारिकरणका कार्यक्रम सञ्चालन गर्ने,<br>• कार्यालयले जनचेतनामूलक, प्रविधि विकास तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न सक्ने,<br>• असिंचित क्षेत्र र कम उर्वर जमिनलाई प्राथमिकता दिईने।<br>• शिक्षा शाखा संग समन्वय गरी दिवा खाजा खुवाउने कार्यक्रम सन्चालन गर्ने । | उपकरण (डिजिटल तराजु, बोरा खरिद तथा छपाई, बोरा सिउने मेसिन, लेबलिङ्ग, प्याकेजिङ्ग गर्ने वस्तु एवं मसिन र कुटानी पिसानी मेसिन आदि) मा खरिदमा अनुदान सहयोग | जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। |
| | | | रैथाने बालीहरुको क्षेत्रफल विस्तार , प्रतिफलमा आधारित नगद प्रोत्साहन अनुदान | • रैथाने बालीको क्षेत्रफल विस्तारका लागि रैथाने बाली खेती गरेका लाभग्राहीहरुलाई प्रति कठ्ठा बढीमा रु १००० का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ वा भद्रपुरमा उत्पादित रैथाने उपज विक्री गर्ने कृषकलाई प्रोत्साहन स्वरुप वढिमा प्रति के जि रु १०। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्ने। |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| (घ) | चैते धान प्रवर्द्धन कार्यक्रम | खायन बाली: तराई<br>व्यक्तिगत: १० कठ्ठा<br>सामुहिक: ३ हेक्टर<br>बिजबृद्धी: तराई<br>व्यक्तिगत: १ हेक्टर<br>सामुहिक: २ हेक्टर<br>• स्वदेशी जातहरु लगाउनुपर्ने र बिमा गर्नुपर्ने। | • खायन बाली उत्पादन तथा प्रशोधन, बीज बृद्धि तथा बीउ प्रशोधन, उन्नत जात विस्तार,<br>• सिंचाई पूर्वाधार र पोष्ट हार्भेष्ट कृयाकलाप<br>• उर्वराशक्ति व्यवस्थापन, सीप/जनचेतना विकास, बीज बृद्धि सहयोग आदि।<br>• बजारीकरण सहयोग<br>• राईस टान्सप्लान्टर खर्चमा अनुदान<br>• चैते धान लगाउने कृषकलाई सम्मान<br>• चैते धानको क्षेत्रफल विस्तार, प्रतिफलमा आधारित नगद प्रोत्साहन अनुदान<br>• लेजर ल्यान्ड लेप्लरको प्रयोग गरी जमिन चक्लावन्धी बनाउने। | • कार्यक्रमको लागि स्विकृत कार्ययोजनाको कुल लागतको ७५ प्रतिशत वा प्रति हेक्टर रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने।<br>• चैते धानको क्षेत्रफल विस्तारका लागि चैते धान खेती गरेका लाभग्राहीहरुलाई प्रति कठ्ठा बढीमा रु १००० का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ वा भद्रपुरमा उत्पादित चैते धान विक्री गर्ने कृषकलाई प्रोत्साहन स्वरुप वढिमा प्रति के जि रु ५। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्ने। |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| (ङ) | तेलहन बाली प्रवर्द्धन कार्यक्रम | • यो कार्यक्रम जग्गा वर्गीकरण लाई आधार मानी कृषि क्षेत्रमा मात्र सञ्चालन गरिने ।<br>• कृषक कृषक समूह कृषि सहकारीहरुले कम्तिमा कम्तिमा ५ कठ्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा खेती गर्नुपर्ने । | • यो कार्यक्रम मूलतः तोरी बाली सहित स्थानीय सम्भाव्यताको आधारमा सस्यू, रायो ,सूर्यमुखी, बदाम लगातका बालीहरुमा क्षेत्रफल विस्तार , प्रतिफलमा आधारित नगद प्रोत्साहन अनुदान र प्याकेजिङ्ग ब्राण्डिङ्ग तथा बजारिकरण सहयोग कार्यक्रम सन्चालन गर्न सकिने । | • तेलहन बालीको क्षेत्रफल विस्तारका लागि तेलहन बाली खेती गरेका लाभग्राहीहरुलाई प्रति कठ्ठा बढीमा रु १००० का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ वा भद्रपुरमा उत्पादित तेलहन उपज विक्री गर्ने कृषकलाई प्रोत्साहन स्वरुप वढिमा प्रति के जि रु १०। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्ने।<br>• भद्रपुरमा उत्पादित तेलको बजारिकरणमा टेवा पुर्याउन आवश्यक देखिएमा लेवलिङ्ग प्याकेजिङ्ग र प्रचारप्रसार एवं प्रवर्द्धनको लागि ५० प्रतिशत अनुदानमा कार्यक्रम सन्चालन गर्न सक्ने। |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

भद्रपुर नगरपालिकाको कार्यपालिका भद्रपुर कोशी प्रदेश

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| (च) | खाद्यन्न आलु खेती प्रवर्द्धन कार्यक्रम | • कृषक, कृषक समूह, कृषि सहकारीहरुले कम्तिमा २ कठ्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा खाद्यन्न आलु खेती गर्नुपर्ने ।<br>• आलु खेती गर्दा आलुको जात नेपाल सरकारबाट सुचीकृत प्राप्त भएको हुनु पर्नेछ । | • आलु वालीको उत्पादन तथा उत्पादकत्व वृर्दि गरी खाद्यन्न आलुको उपलब्धता वृर्दिका लागि खाद्यन्न आलु खेती गरिने।<br>• बेमौसमी आलु खेती गर्दा भण्डारण शुल्कको ५० प्रतिशत अनुदान दिने गरी कार्यक्रम सन्चालन गर्न सक्ने । | • खाद्यन्न आलु खेतीको क्षेत्रफल विस्तारका लागि आलु खेती गरेका लाभग्राहीहरुलाई प्रति कठ्ठा बढीमा रु २००० का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ वा भद्रपुरमा उत्पादित आलु उपज विक्री गर्ने कृषकलाई प्रोत्साहन स्वरुप वढिमा प्रति के जि रु ५ । का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ। |
| (छ) | नगर प्रमुख तरकारी खेती प्रवर्द्धन कार्यक्रम | • कृषक, कृषि फर्म ,कृषक समूह, कृषि सहकारीहरुले कम्तिमा ५ कठ्ठा क्षेत्रफलमा एउटा क्लस्टर बनाई व्यवसायिक रुपमा तरकारी खेती गर्नुपर्ने ।<br>• तोकिएको क्लस्टर मा उत्पादित कृषि उपज प्रांगरिक खेती गरि रसायनिक विषादी न्यूनीकरण गरिएको हुनुपर्ने ।<br>• तरकारीको बिमा अनिवार्य गर्नुपर्ने। | • कार्यक्रम सन्चालन हुने क्लस्टरमा एउटा सिजनमा एउटै तरकारी को खेती गरिएको हुनुपर्ने।<br>• नयाँ बाली तथा उन्नत जात विस्तार,<br>• उर्वराशक्ति व्यवस्थापन, | • तरकारी खेतीको क्षेत्रफल विस्तारका लागि स्विकृत कार्ययोजनाको कुल लागतको ७५ प्रतिशत वा एउटा क्लस्टरको बढीमा रु २५०००।- का दर मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने वा |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | | • बाली संरक्षण सहयोग,<br>• बजार सम्बन्धी विकास,<br>• कृषि यन्त्रीकरण,<br>• बीज वृद्धि सहयोग,<br>• बजार नवप्रवर्द्धन।<br>• पोष्ट हार्भेष्ट कृयाकलाप<br>• सिंचाई पूर्वाधार विस्तार | तरकारी खेती गरेका लाभग्राहीहरुलाई एउटा क्लस्टरको बढीमा रु २५०००।- का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्ने |
| (ज) | कृषि चुन/ सुक्ष्म खाध्यतत्व वितरण कार्यक्रम | • यो कार्यक्रम सन्चालन गर्दा माटो परिक्षण गर्ने किसानहरुलाई प्राथमिकता दिने। | • कृषि चुन/जिङ वितरण गर्ने | • एउटा अनुदानग्राहीलाई स्विकृत कार्ययोजनाको कुल लागतको ५० प्रतिशत सो रकम अनुदान उपलब्ध गराईने। |
| (झ) | आलुको बीउ उत्पादन सहयोग कार्यक्रम | • आर्थिक विकास समितिले आलुको बीउ उत्पादन सहयोग कार्यक्रम सञ्चालनका लागि उपयुक्त क्षेत्र छनौट गर्नसक्नेछ।<br>• यस्ता क्षेत्रहरु छनौट गर्दा आलुको बीउ उत्पादन हुने गरेको क्षेत्रलाई प्राथमिकता दिईने।<br>• आलुको बीउ कार्यक्रममा प्रति क्लस्टर न्यूनतम १ हेक्टर क्षेत्रफलमा सन्चालन | • बीउ प्रमाणीकरण<br>• बीउ प्याकेजिङ्ग बीउ भण्डारण<br>• कृषि औजार एवं उपकरण<br>• साना सिचाई निर्माण<br>• क्षमता अभिवृद्धी तालिम | • कूल बजेट मध्ये ५० प्रतिशत रकम अनिवार्य रुपमा बीउ खरिदमा खर्च गर्नुपर्ने।<br>• एउटा अनुदानग्राहीलाई स्विकृत कार्ययोजनाको कुल लागतको ७५ प्रतिशत सो रकम अनुदान उपलब्ध गराईने। |

नगर प्रमुख
भद्रपुर नगरपालिका

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | हुनेछ। | | |
| (ञ) | आवश्यकता अनुसार जैविक विषादी वितरण कार्यक्रम | • बालीमा देखिएको समस्यागस्त बाली अनिवार्य उपलब्ध गराउनुपर्ने<br>• जैविक विषादी प्राप्त गर्ने कृषकले अनिवार्य नाम सम्पर्क नं ठेगाना बाली र बाली लगाएको क्षेत्रफल खुलाउनुपर्ने। | • जैविक विषादी वितरण | • जैविक विषादी वितरणमा लागत को ८५ प्रतिशत अनुदान उपलब्ध गराईने। |
| (ट) | प्लान्ट क्लिनिक संचालन कार्यक्रम | • प्लान्ट डाक्टर: कृषि विज्ञानमा कम्तिमा स्नातक पास गरेको वा बाली संरक्षण विधामा कम्तिमा ३ वर्ष कार्य गरेको।<br>• ३ दिन अगावै सम्वन्धित स्थानका कृषकहरुलाई जानकारी दिनुपर्नेछ।<br>• कार्यक्रम सम्भव भएसम्म बिहानको समयमा सन्चालन गर्नुपर्ने।<br>• प्रत्येक समस्यालाई कार्बन प्रतिको साथ फरक फरक सुझाव पत्रमा प्रविष्ट गरी सझाव लेख्नुपर्नेछ जसवाट १ प्रति | • बाली उपचार शिविर सन्चालन । | • स्वीकृत लागन अनुमान अनुसार । |

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर झापा कोशी प्रदेश नेपाल

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | कृषकहरुलाई अनिवार्य दिनुपर्नेछ।<br>• बाली उपचार शिविरमा आएका किसानलाई कुनै पनि रासायनिक विषादी वितरण गर्न पाइने छैन। | | |
| (ठ) | कृषि बिमा प्रवर्द्धन कार्यक्रम | • कृषि बाली वस्तुको बिमा गर्दा नेपाल बिमा प्राधिकरणबाट स्वीकृत आधारिक बिमा कम्पनीमा गरिएको हुनुपर्ने। | • कृषि बालीमा बिमा।<br>• बिमा सम्वन्धि अभिमुखीकरण कार्यक्रम । | • कृषि बाली वस्तुको बिमा गर्दा नेपाल बिमा प्राधिकरण बाट जारि गरिएको बिमालेखको कृषकले व्होर्ने रकममा पूर्ण अनुदान दिने । |
| (ड) | उन्नत तरकारीको बीउ/बेर्ना वितरण कार्यक्रम | • स्थानीय माग र उन्नत तरकारीको बीउ/बेर्ना वितरण गरिने ।<br>• बीउको मिनिकिट बनाउने र जसमा एउटा मिनिकिटमा को मूल्य रु २०० बराबरको हुनुपर्ने ।<br>• बेर्ना बितरण गर्दा सार्वजनिक सूचना प्रकाशित गरि कृषक, कृषि फर्म ,कृषक समूह, कृषि सहकारीहरुले उत्पादनले बेर्ना वितरण गर्न सक्ने ।<br>• तरकारी/फलफूल/पुष्प नर्सरीहरू स्थापना तथा सुदृढीकरण गरी उत्पादन क्षमता र | • उन्नत तरकारीको बीउ/बेर्ना वितरण<br>• नर्सरी व्यवस्थापनका लागि बीउ तथा बेर्ना, प्राङ्गारिक/ भर्मीकम्पोट मल आदि खरिद<br>• पम्पसेट, मोटर, पाइप, पोखरी, सिंचाइ पूर्वाधार, लगायतका कार्यमा,<br>• सेड/ग्रीन/नेट हाउस लगायत औजार/उपकरण (फुट स्प्रेयर, प्रुनर, बडिङ्ग नाइफ आदि) आदि | • उन्नत तरकारीको बीउ/बेर्ना वितरणमा लागत को ८५ प्रतिशत अनुदान उपलब्ध गराईने। |

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश, नेपाल

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | गुणस्तरीयता अभिवृद्धि गर्न,<br>• वार्षिक रुपमा गुणस्तरीय वेर्ना उत्पादन गर्नुपर्ने,<br>• विरुवा उत्पादनको लागि आवश्यक जग्गा उपलव्ध हुनुपर्ने। | खरिद/निर्माण | |
| (ढ) | आइपिएम कृषक पाठशाला सन्चालन कार्यक्रम | • कृषक सहजकर्ता: कृषि विज्ञानमा कम्तिमा स्नातक पास गरेको वा बाली संरक्षण विधामा कम्तिमा ३ वर्ष कार्य गरेको वा कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्रात गरेको कृषक।<br>• कृषक पाठशाला सन्चालन गर्नु अगाडी कृषक पाठशाला सन्चालन गर्ने क्षेत्रमा कृषक महिला वा मिश्रित समूहको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समूह छनौट गर्न अन्तर क्रिया गोष्ठी गर्ने ।<br>• तुलनात्मक अध्ययन तथा परिक्षणहरु सन्चालन गर्न आवश्यक जग्गा अन्नबालीको लागि १००० वर्ग मिटर र आलु मसला तरकारीको लागि ५०० वर्ग मिटरको खेत | • एकिकृत शत्रुजीव व्यवस्थापन<br>• अभिमुखीकरण<br>• सिंचाइका लागि पम्पसेट, मोटर, पाइप लगायतको सामग्री खरिद,<br>• बीउ बीजन, शुक्ष्म खाद्यतत्व, हार्मोन लगायतका विषादी खरिद,<br>• डिजिटल तराजु, प्लाष्टिक क्रेट, कैंची, स्प्रेयर लगायतका सम्बन्धित सामग्री खरिद। | • स्वीकृत लागन अनुमान अनुसार । |

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश

नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | वारी हुनुपर्ने।<br>• कुनै वालीको वाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ता र समयमा अध्ययन र तालिम सन्चालन गर्ने।<br>• कृषकहरुको आवश्यकता अनुसार कृषि संग सम्वन्धित विषयवस्तुमा कम्तिमा ३ वटा विशेष कक्षा सन्चालन गर्नुपर्ने।<br>• हरेक वालीमा वाली नभित्र्याउदै अन्य कृषकहरुलाई यस प्रविधिको विस्तार गर्ने उद्वेश्य राखि आमन्त्रीत पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण स्टल निरिक्षण सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउने। उक्त कृषक दिवसमा कृषक पाठशालामा सहभागि कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको समारोह समाहोर सन्चालन गर्ने ।<br>• सरकारी स्वमित्वमा रहेका कम्तिमा माध्यमिक तहका विद्यालयहररुमा पाठशाला सन्चालन हुने जग्गा आफ्नै स्वामित्वको हुनुपर्ने वा कम्तिमा पनि १५ | | |

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश, नेपाल

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | वर्षका लागि लिजमा लिएको कम्तिमा पनि २००० वर्ग मिटर हुनुपर्नेछ | | |
| (ण) | उपप्रमुखसंग कृषक समूह कार्यक्रम(च्याउ/तरकारी/अन्य) | • महिला कृषक समूहका लागि उपयुक्त बालीवस्तुलाई प्राथमिकता दिई सञ्चालन गरिनु पर्ने,<br>• च्याउ, तरकारी, अदुवा, बेसार, अन्य वाली वस्तु आदि क्षेत्रमा सूचना अवधि भित्र महिला उद्यमीले कृषि व्यवसाय सञ्चालनका लागि माग गरिएको आवेदन पत्र हुनुपर्ने,<br>• तरकारी तथा अन्य बालीको उत्पादनको हकमा प्रति प्रस्ताव १ हेक्टरको क्षेत्रफल र च्याउ खेतीको लागि न्यूनतम ८०० वल वा पोकामा च्याउ उत्पादन गर्नुपर्ने।<br>• बाली या तरकारीको बिमा अनिवार्य गर्नुपर्ने। | • कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि बस्तु उत्पादन, सिंचाई, प्रशोधन तथा बजारीकरण। नयाँ बाली तथा उन्नत जात विस्तार,<br>• उर्वराशक्ति व्यवस्थापन,<br>• बाली संरक्षण सहयोग,<br>• कृषि यन्त्रीकरण,<br>• बीज वृद्धि सहयोग, | • स्विकृत कार्ययोजनाको कुल लागतको ७५ प्रतिशत वा रु २ लाख मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध गराउने। |
| (त) | वडा समिति र कार्यपालिका | • वडा समिति र कार्यपालिका सदस्य संग समन्वात्मक वैठक | वडा समिति र कार्यपालिका सदस्य संग समन्वात्मक वैठक | • स्विकृत कार्ययोजनाको कुल लागत अनुसार |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | सदस्यसंग समन्वात्मक बैठक | | | |
| ४ | अन्य कृषि कार्यक्रम | | | |
| (क) | शहरी क्षेत्र लक्षित करेसाबारी खेती प्रवर्द्धन कार्यक्रम | • शहरी क्षेत्रका कम्तिमा एउटा वार्ड बाट १५ घरधुरी संलग्न हुनु पर्ने<br>• कार्यक्रम वार्ड नं ५,६,७,८ र १० मा सन्चालन हुने।<br>• वडा कार्यालयको सिफारिसमा लाभग्राही छनौट हुने।<br>• घरको छतमा कौशी खेती र कम्पाउण्ड भित्र तरकारी लगाउनु पर्ने। | • कौसी खेतीका लागि आवश्यक उत्पादन सामग्री (पोलीव्याग र हजारी आदि)<br>• गड्यौले मल सहित भर्मी कम्पोष्ट पिट निर्माण<br>• बीउ तथा बिरुवा, बिषादी, थोपा सिंचाई, साना कृषि औजार उपकरण आदि | • प्रति अनुदानग्राही स्विकृत कार्ययोजनाको १०० प्रतिशत रकम अनुदान उपलब्ध गराईने। |
| (ख) | मागमा आधारित कृषि सामग्री सहयोग कार्यक्रम | • कुनै पनि कार्यक्रममा सहभागि हुन नसकि कृषि कार्यक्रमबाट बन्चित रहेको हुनुपर्ने ,<br>• कृषि व्यवसायमा आवद्ध भई कृषि सामग्रीको आवश्यक भएका तर पैसा नभई किन्न नसकेका अन्य कार्यक्रमको पहुँचबाट टाढा रहेका कृषकहरुलाई समेटने गरी किसानहरुको हितमा कार्यक्रम संचालन गर्ने आर्थिक विकास समितिको निर्णयबाट समेत | • सिंचाइका लागि सामग्री खरिद,<br>• सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/उपकरण खरिद,<br>• टनेल खरिद , साना सिचाई निमार्ण<br>• वेर्ना खरिद र ढुवानी,<br>• मागमा आधारित कृषि सामग्री | • प्रति अनुदानग्राही स्विकृत कार्ययोजनाको ७५ प्रतिशत रकम अनुदान उपलब्ध गराईने। |

नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | सिफारिस भए बमोजिम लागत साझेदारीमा कार्यक्रम सन्चालन गर्ने। | | |
| (ग) | कृषक क्षमता अभिवृर्दि तालिम | • कम्तिमा तालिममा सहभागिको संख्या प्रति तालिम ३० जना हुनुपर्ने। | • मागमा आधारित तालिम<br>• समुदायमा संचना प्रवाह र सचेतना फैलाउने कार्यक्रमहरुमा सहयोग गर्ने। | • स्विकृत कार्ययोजनाको कुल लागत अनुसार |
| (घ) | कष्टम हायरिङ सेन्टर स्थापना | • कृषकहरुलाई सकभर पायक पर्ने स्थानमा कस्टम हायरीङ्ग सेन्टर स्थापनाका लागि आवश्यक घर टहरा र जग्गा सम्बन्धित प्रस्तावकले उपलब्ध गराउनु पर्नेछ ।<br>• कस्टम हायरीङ्ग सेन्टर स्थापना गर्ने प्रस्तावित जग्गा कम्तिमा ३ कट्ठा प्रस्तावकको स्वामित्वको हुनु पर्नेछ। सो नभएमा कम्तिमा १५ वर्ष अवधिका लागि प्रचलित कानुन बमोजिम भाडामा लिएको हुनु पर्नेछ।<br>• कस्टम हायरीङ्ग सेन्टरबाट सेवा सुविधा प्रयोग हुने स्थानसम्म यन्त्र, उपकरणहरुको सहज | • कृषि यन्त्रको उपलब्धता तथा प्रयोग प्रवर्द्धन गर्न वाली/वस्तुका लागि उत्पादन देखि भण्डारण पूर्व सम्मका कृषि कर्मका लागि आवश्यक पर्ने सबै प्रकारका कृषि औजार, यन्त्र, उपकरण तथा मेशिनरीहरुको सेट सहुलियत भाडामा उपलब्ध गराउने | • अनुदानग्राहीलाई स्विकृत कार्ययोजनाको कुल लागतको ७५ प्रतिशत अनुदान उपलब्ध गराईने। |

नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश नेपाल

नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | आवागमन हुन सक्ने अवस्था हुनुपर्नेछ ।<br>• कृषि यन्त्रहरुको मर्म्मत सम्भारको लागी दक्ष जनशक्ति तथा सुरक्षा बन्दोवस्त अनुदानग्राहीले गर्नु पर्नेछ ।<br>• विद्युतको उपलब्धता भएको वा हुन सक्ने हुन पर्नेछ।<br>• प्रस्तावकले Custom Hiring Centre स्थापना र संचालन तथा व्यवस्थापनका लागि अनुसुची ६ अनुसारका सदस्यहरु रहने गरी एउटा संचालक समिति गठन गर्नु पर्नेछ ।<br>• भाडा दर निर्धारणका लागि लाभग्राही कृषक , जनप्रतिनिधी, कृषि प्राविधिक , नगरपालिकाले तोकेको कर्मचारी, अनुदानग्राही संस्था बाट प्रतिनिधित्व हुने गरी ५ सदस्य सामुदायिक कृषि यन्त्रिकरण सेवा भाडा निर्धारण समिति गठन गर्नु पर्ने।<br>• केन्द्र स्थापना पछि कृषकहरुलाई | | |

नगरपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश, नेपाल

सुप्रिया पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत |
|---|---|---|---|---|
| | | भाडामा कृषि यन्त्र उपकरण उपलब्ध गराउनुपर्ने। | | |
| (ङ) | कृषि तथा पशु सेवा केन्द्र सन्चालन कार्यक्रम | • कृषि मेलाको हकमा: विभिन्न निकायको आवश्यक समन्वयमा स्थानिय बालीको प्रवर्द्धन गर्न सन्चालन गर्नुपर्ने । | • कृषि मेला<br>• कृषक पाठशाला सन्चालन<br>• कृषि सामाग्री खरिद<br>• कृषि जैविक विषादी वितरण | • स्विकृत कार्ययोजनाको कुल लागत अनुसार |

द्रष्टव्य:

(क) समग्र नगरस्तर कृषि विकास कार्यक्रम सञ्चालनका लागि अनुसूची-२ मा उल्लेखित कार्यक्रमसँग सम्बन्धित कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ।

(ख) स्वीकृत कार्ययोजनाका कृयाकलापहरुमा प्रचलित कानून बमोजिमको दररेट अनुसार सामग्री तथा अन्य सेवा खरिद गरेका अनुदानग्राहीहरुलाई मात्र अनुदान रकम प्रवाह गर्नुपर्नेछ ।

(ग) घरमा प्राप्त हुने सामग्री र पारिवारीक श्रमको हकमा अनुदान रकम उपलब्ध गराईनेछैन।

(घ) भूमिहीन तथा सिमान्तकृत कृषकको हकमा जग्गा भाडा वा लिजमा लिई खेती गरेमा प्रचलित दर अनुसार अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

गोपेश्वर पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**७. प्रस्ताव माग:** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा सूचनाको पहुँचमा सुनिश्चितता हुने गरी कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी उद्यमी कृषक/निजी फर्म/समूह/सहकारी/कम्पनीहरुसँग प्रस्ताव माग गर्नेछ।

तर, प्रविधि विकास, विस्तार तथा सेवाटेवा कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा सम्वन्धित विषय विज्ञको सिफारिसमा आर्थिक विकास समितिको बैठकमा वास्तविक सेवाग्राही छनौट गरी स्वीकृत कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**८. प्रस्ताव पेश:** सूचनामा तोकिए बमोजिमको कागजात सहित दफा ६ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले अनुसूची-२ को निवेदनको ढाँचा सहित तोकिए बमोजिमको कार्यालयहरुमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

**९. प्रस्ताव मूल्याङ्कन सिफारिस:** (१) प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुको स्थलगत प्रमाणीकरण गर्नको लागि कार्यालयले कार्यदल बनाई कर्मचारी खटाउन सक्नेछ।

(२) कार्यदलले स्थलगत प्रमाणीकरण गरी अनूसूची-४ वमोजिम प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकताक्रम तयार गरी आर्थिक विकास समिति समक्ष छनौट भएका प्रस्ताव सिफारिस गर्नु पर्नेछ।

**१०. सम्झौता प्रक्रिया:** (१) छनौट भएका अनुदानग्राहीलाई कम्तीमा ७ दिनको म्याद दिइ सम्झौताको लागि बोलाउनुपर्नेछ ।

(२) सम्झौता गर्न बोलाउँदा अनुदानग्राहीसँग कार्यक्रम कार्यान्वयनको कार्ययोजना पनि माग गर्नुपर्नेछ र प्रस्तावकले पेश गरेको क्रियाकलाय र कार्ययोजना कार्यालयले स्विकृत गर्नेछ।

(३) अनूसूची-५ वमोजिम ढाँचामा सम्झौता गरी सम्बन्धित अनुदानग्राहीलाई कार्यादेश दिनुपर्नेछ ।

(४) कार्यालयले कार्यक्रम कार्यान्वयन तथा अनुगमन कार्ययोजना र भुक्तानी तालिका समेत तयार गरी सम्झौताको अनुसुचीको रुपमा राख्नुपर्नेछ ।

परिच्छेद-४

## अनुदानित कार्यक्रमको भुक्तानी प्रकृया तथा लेखा परीक्षण

**११ अनुदान रकमको भुक्तानी प्रक्रिया:** (१) कार्यालयले अनुदान रकमबाट कार्यक्रम सञ्चालन गर्दा खरिद व्यवस्थापन सम्बन्धी प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार हुनेछ ।

(२) संस्थागत रुपमा दर्ता भइ काम गर्ने कृषक समूह, सहकारी वा फर्म वा कम्पनीहरुको हकमा संस्थाको आर्थिक मापदण्ड वा विनियम र कार्यालयको निर्देशन अनुसार खरिद सम्बन्धी कार्य

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

सञ्चालन गर्न सक्नेछन।

(३) व्यक्तिगत रुपमा अनुदान प्राप्त गर्ने कृषक वा उद्यमी वा समूह, सहकारीका सदस्यहरुबाट सञ्चालन हुने कार्यक्रमको हकमा सम्झौतामा उल्लेख भएको कार्ययोजना अनुसार स्विकृत बजेट सिमाभित्र रही अनुदानग्राहीले खरिद गरेको बिल भर्पाइको आधारमा भुक्तानी गर्न सकिनेछ ।

(४) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार कार्यालयबाट अनुदान प्राप्त गर्ने कृयाकलापहरुको सक्कल बिल भरपाई र स्वयं अनुदानग्राहीले साझेदारीमा सम्पन्न गर्ने कृयाकलापको बिल भरपाईको प्रतिलिपी संलग्न राखी भुक्तानी माग गर्न सक्नेछन्।

(५) पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजिगत अनुदान खर्चमा कन्टेन्जेन्सी नियमानुसार काटी खर्च गर्न सकिनेछ।

(६) भुक्तानी माग भएपछि कार्यालयको कृषि प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा सेवाग्राहीको बैंक खाता मार्फत गरिनेछ।

(७) बढिमा ५० प्रतिशत कार्य सम्पन्न भएपछि मात्र पहिलो किस्ता भुक्तानी गरिनेछ ।

(८) उपदफा (६) मा जे सुकै लेखिएको भएपनि दुई किस्तामा अनुदान प्रदान गर्दा कार्यक्रमको उद्देश्य हासिल हुने सुनिश्चितता नहुने ठानेमा सो भन्दा कम वा वढी किस्तामा समेत अनुदान रकम निकासा वा भुक्तानी गर्न सकिनेछ।

(९) व्यक्तिगत अनुदानग्राहीलाई पेश्की उपलब्ध गराइनेछैन।
तर समूह, सहकारी र समिति मार्फत कार्यक्रम सञ्चालन गर्दा स्विकृत अनुदान रकमको बढीमा २५ प्रतिशतसम्म पेश्की रकम उपलब्ध गराउन सकिनेछ ।

(१०) प्रथम किस्ता भन्दा पछिल्लो किस्ताको रकम भुक्तानी वा निकासा गर्दा सो अगाडिका किस्ताको कामको वित्तीय तथा भौतिक प्रगति, सम्बन्धित प्राविधिकको निरीक्षण सहितको पुष्टयाई प्रतिवेदन र जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरुको विश्लेषण गरी निकासा वा भुक्तानी गर्नु पर्नेछ।

(११) अन्तिम किस्ताको रकम निकासा गर्दा अन्तिम किस्ता भन्दा अगाडिका किस्तामा भएको कामको वित्तीय तथा भौतिक प्रगति, अन्तिम किस्तामा भएको कामको प्रगति, सम्बन्धित प्राविधिकको निरिक्षण सहितको पुष्ट्याइंको प्रतिवेदन, पाँच लाख भन्दा बढि अनुदानको हकमा सार्वजनिक सुनुवाई प्रतिवेदन, कार्यसम्पन्न एवं कार्यस्वीकृत प्रतिवेदन हेरी जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरु समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी निकासा तथा भुक्तानी गर्नुपर्नेछ।

(१२) अनुदान रकमको अन्तिम किस्ता भुक्तानी गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

गणेश पोखरेल

## परिच्छेद-५
## विविध

१२. <u>अनुगमन तथा मुल्याङ्कन:</u> (१) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रूपमा भए नभएको सम्बन्धमा सम्बन्धित निकायले कम्तिमा द्वैमासिक रुपमा अनुगमन गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति चौमासिक तथा बार्षिक रुपमा सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

(३) सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा कृषि विकास शाखाले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

१३. <u>जवाफदेहीता तथा जिम्मेवारी:</u> यस मापढण्ड बमोजिम संचालन हुने कार्यक्रमहरुको जवाफदेहि तथा जिम्मेवारी प्रचलित कानून बमोजिम सम्बन्धित सरोकारवाला र भद्रपुर नगरपालिकाको हुनेछ ।

१४. <u>समन्वय र सहकार्य:</u> कार्यालय वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्भव भएसम्म नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा गर्नुपर्नेछ।

१५. <u>प्राविधिक जाँचपास गर्नुपर्ने:</u> यस विधि बमोजिम सञ्चालन हुने अनुदानका कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले तोकेको परियोजना तथा कार्यक्रमको लागत अनुमान, लेआउट, डिजायन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

१६. <u>कारवाहीको व्यवस्था</u> : सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१७. <u>खारेजी तथा बचाउ</u> : यस मार्गदर्शनलाई संशोधन थपघट तथा खारेजी गर्ने अधिकार भद्रपुर नगरपालिका नगरकार्यपालिका लाई हुनेछ

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

<u>सूचनाको ढाँचा</u>

**प्रथम पटक सूचना प्रकाशन मिति.......**

चालू आ.व. ........मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार .....................कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक ................संस्थाले सूचना प्रकाशित भएको मितिले ....... दिन भित्र (मिति.................गते भित्र) यस कार्यालयमा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट ......................... बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

<u>तपसिल विवरण</u>

१. प्रस्तावकको सक्कल निवेदन
२. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव



गणेश पोखरेल
नगर प्रमुख
...मदपुर नगरपालिका

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (किसान परिचय पत्र भए सिफारिस आवश्यक नपर्ने।)

७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि(किसान परिचयपत्र भए नागरिकताको प्रतिलिपि आवश्यक नपर्ने।)

९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ....... वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि

११. यसअघि भद्रपुर नगरपालिका बाट कृषि अनुदान/सामग्री लिए /नलिएको खुल्ने स्वघोषणा पत्र।

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सबै सरोकारवाला निकाय वा व्यक्तिलाई सूचना प्राप्तीको शुनिश्चतता हुने गरी सूचनाको अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
भद्रपुर नगरपालिकाको कार्यालय
भद्रपुर, झापा

मिति ..................

विषयः ..................................... कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति...................................... मा प्रकाशित गरिएको सूचना अनुसार .......................................................... कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छु/छौं।

संलग्न कागजातहरुः

१. प्रस्तावकको निवेदन
२. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव
६. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि (किसान परिचयपत्र भए नागरिकताको प्रतिलिपि आवश्यक नपर्ने।)
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
९. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा ....... वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि
१०. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत दुई वर्ष भित्र अनुदान रकम पाए /नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने।

निवेदक

दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं.:
संस्थाको छाप

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

मनोज घोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची–३

(दफा ८ सँग सम्बन्धित)

<u>कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा</u>

कार्यक्रमको नामः जिल्लाः न.पा.ः

वडा नं.ः टोलः गाउँः

फर्मको नामः सञ्चालकको नामः मो.नं./ टे.नं.ः

१. व्यवसायको परिचयः

२. उद्देश्यहरु :

३. कृषि व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

६. तालिम सम्बन्धी विवरण :

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.सं. | कार्य विवरण | परिमाण | दर | कूल लागत रु | अनुदान रकम रु | साझेदारी रकम रु | संपन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

उपलब्ध जग्गाको क्षेत्रफल ......................

कार्यक्रमको स्पष्टता ................................

अपेक्षित वार्षिक प्रतिफल

कार्ययोजना पेश गर्नेः

फर्म/कृषकको नाम :

ठेगानाः जिल्ला ........ नगरपालिका ... /वार्ड न. .... टोल ...

फर्म सञ्चालन गरिने स्थानः

फर्म/कृषकको तर्फबाट सही गर्नेको

नामः

दस्तखतः

पदः

मिति

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले कार्ययोजनाको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।



गणेश पोखरेल
नगर प्रमुख
...नगरपालिका

अनुसूची-४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

<u>प्रस्ताव मूल्याङ्कनका आधारहरु</u>

नगर कार्यपालिकाको कार्यालय भद्रपुर झापा कोशी प्रदेश, नेपाल

१. जिल्ला:

२. आवेदक संस्थाको नाम:

३. कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. मूल्याङ्कनका आधारहरु:

| क.सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | बिजुली सुविधा भएको | २ | | |
| १.३ | सिंचाइ सुविधा भएको | २ | | |
| १.४ | जग्गाको स्वामित्व | २ | | |
| १.४.१ | निजी फर्म /संस्थाको नाममा भएको | ४ | | |
| १.४.२ | निजी जग्गा भाडामा लिएको | ४ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| २ | व्यवसाय सम्वन्धी अनुभव | ५ | | |
| २.१ | ३ वर्ष भन्दा कम | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र) | ५ | | |
| ३.१ | ३ दिन अवधी सम्मको तालिम | २ | | |
| ३.२ | ३ देखी ७ दिने अवधि सम्मको तालिम | ३ | | |
| ३.३ | ७ देखि १५ दिने अवधि सम्मको तालिम | ४ | | |
| ३.४ | १५देखि माथि अवधि सम्मको तालिम | ५ | | |
| ४ | वित्तीय क्षमता | १० | | |



गणेश पोखरेल

| | | | | |
|---|---|---|---|---|
| ४.१ | कूल लगानीको प्रतिश ७० त भन्दा माथि लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | १० | | |
| ४.२ | कूल लगानीको ५५-७० प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ८ | | |
| ४.३ | कूल लगानीको ५०-५५ प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ६ | | |
| ५ | रोजगारीको अवस्था (प्रस्तावित) | ५ | | |
| ५.१ | कम्तीमा ३ जना सम्म | ३ | | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | | |
| ६ | वातावरणीय/सामाजिक उपयुक्तता (प्रस्तावित) | १० | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय/सामाजिक प्रभाव आङ्कलन गरिएको | ५ | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु सामेल गरिएको | ३ | | |
| ७ | उत्पादित वस्तुको बजार योजना | १५ | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको) | १५ | | |
| ७.२ | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | १२ | | |
| ७.३ | बजारीकरणको योजना स्पष्ट नभएको | १० | | |
| ८ | व्यावसायिक कार्य योजनाको स्पष्टता (कार्य योजना, जलवायु अनुकुलन, लगानी प्रतिफल र दिगोपना) | ३० | | |
| ८.१ | उत्तम | ३० | | |
| ८.२ | राम्रो | २० | | |
| ८.३ | ठिकै | १५ | | |
| ९ | खेतबारीको व्यवस्थापन | ५ | | |

नगर कार्यपालिकाको कार्यालय
भद्रपुर झापा
कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ९.१ | राम्रो | ५ | | |
| ९.१ | ठिकै | ३ | | |
| १० | शैक्षिक योग्यता | ३ | | |
| १०.१ | SEE सम्म | २ | | |
| १०.२ | SEE भन्दा माथि | ३ | | |
| ११ | सम्वन्धित विषयमा बैदेशिक रोजगारीको अनुभव (कम्तिमा १ वर्ष) | २ | | |
| | जम्मा | १०० | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरु:
क)
ख)

७. स्थलगत अनुगमन टोलीको राय:

| क्र.सं. | पद | राय दिनेको नाम, थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-५
(दफा १० को उपदफा ३ सँग सम्बन्धित)

सम्झौता-पत्र

आर्थिक वर्ष .../... ... मा सञ्चालन हुने ...................... कार्यक्रमको लागि तथा भद्रपुर नगरपालिका ... ... ... (यस पछी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समूह/समिति/सहकारी ... ... ... ... ... (यस पछी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरु:**

१. प्रथम पक्षले लागत साझेदारमा ............ कार्यक्रमको लागि कूल लागतरु. ... ... ... मध्ये अनुदान वापत रु. ... ... ... ... ... दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ।

२. दोश्रोपक्षले बाँकी रकमको व्यवस्था गरी ....... जिल्ला,........नगरपालिका वडा नं ......, मा ...... साल..... महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन,अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. दोश्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा तीन किस्तामा कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ।

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।



गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

११. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३. द्विपक्षिय सम्झौता मुताबिकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, ईस्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्मन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१५. प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन।

(क) प्रथम पक्षले व्यहोर्ने लागत रु. ..............

(ख) दोश्रो पक्षले व्यहोर्ने लागत रु. .............

(ग) अन्य श्रोतबाट प्राप्त लागत रु. .............

(घ) कन्टेन्जेन्सी रकम रु. ................(यो रकम नियमानुसार खर्च गर्न सकिनेछ)

(ङ) प्रस्तावनाको कुल लागत रु. .............

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |

**रोहवर**

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |

इतिसम्वत् ...... ... ...... साल ...... ... महिना ...... गते रोज ...... शुभम्।

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ।



गणेश पोखरेल
नगर प्रमुख

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-६

[illegible] को उपदफा ४ सँग सम्बन्धित)

[illegible] व्यवस्थापनका लागि ९ सदस्यहरु रहने [illegible] स्थापनाको लागि अनुदान मांग गर्ने वा [illegible] अनुसारको संचालक समिति हुनेछ।

[illegible] प्रतिनिधि

[illegible] एक जना प्रतिनिधी

[illegible]

[illegible] प्रतिनिधि

[illegible] प्रतिनिधि

[illegible] प्रतिनिधि

[illegible] प्रतिनिधि

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत